# आमचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर

प.स.२०८३/०८४
सूचना.नं.:- ९०

नेपाल समवत: ११४६
मितिः- २०८३/०५/३१

## पदमार्गमा आधारित पर्यटन कार्यक्रमको समिति गठन सम्बन्धी सूचना !
सार्वजनिक सूचना मितिः २०८३/०५/३१

श्री स्थानीय सरोकारवाला सबै,

आमचोक गाउँपालिका, भोजपुर।

सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र स्वीस सरकारको संयुक्त साझेदारीमा पदमार्गमा आधारित पर्यटन विकास परियोजना यस गाउँपालिका क्षेत्रमा विगत आ.व. २०८१/०८२ देखि निरन्तर रुपमा सञ्चालन रहेको बेहोरा विदितै छ । चालु आ.व. २०८३/०८४ मा समेत वडा नं. २,३,५ र ६ को भु-भागमा सोही बमोजिमको पदमार्ग र परिधीय संरचना निर्माण कार्य सञ्चालन गर्नुपर्ने भएकाले सोही वडामार्फत लाभग्राही व्यक्तिहरुको सक्रिय सहभागिता सुनिश्चित गरी निर्माण उपभोक्ता समिति गठन गर्नुपर्ने भएकाले तपसिल बमोजिम उपस्थितिका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

जनक बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

तपसील

१. उपभोक्ता समिति कम्तिमा सात (७) र बढीमा एघार (११) सदस्यीय गठन गर्नुपर्ने,

२. उपभोक्ता समितिमा कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्नुपर्ने,

३. समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा २ जना महिला पदाधिकारी अनिवार्य समावेश गर्नुपर्ने,

४. समितिमा परियोजना सञ्चालन हुने क्षेत्रका स्थायी बसोबास भएका व्यक्तिहरु समावेश हुनुपर्ने,

५. परियोजना सम्बन्धी उपभोक्ता समिति गठन देहायको मिति, समय र स्थानमा आयोजना हुने :

मिति : २०८३/०६/०६ गते
समय : बिहान ११ बजे
स्थान: ३ नं. वडा कार्यालय, थिदिंखा
वोधार्थ:
श्री सूचना प्रविधि शाखा : कार्यालयको वेभसाइट तथा फेसबुक पेजमा प्रकाशन गर्नुहुन ।